नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**SitRep**

**#४६**

# कोरोनाभाइरस रोग (COVID-19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

बिहीबार । १३ चैत्र २०७६ (२६ मार्च २०२०)

कोभिड-१९ को महामारी चीनको हुबेई प्रान्तबाट डिसेम्बर २०१९ मा सुरू भएको थियो । चैत्र १२ गते सम्ममा यो रोग ४१४१७९ जनामा फैलीसकेको छ भने यस रोगका कारण १८४४० जनाको मृत्यु भैसकेको छ । यो रोग विश्वका १९६ वटा देश/ क्षेत्रहरूमा देखिएको छ ।

## कोभिड-१९ सम्बन्धी विश्वव्यापी स्थिति:

| कोभिड-१९ केसहरू | १२ चैत्र २०७६ सम्ममा कुल जम्मा |
|---|---|
| पुष्टी भएका केसहरू | ४१४१७९ |
| मृत्यु | १८४४० |

| | |
|---|---|
| कोभिड-१९ को रिपोर्ट भएका देश/ क्षेत्रहरू | १९६ |

| २२ पौष २०७६ | १६ माघ २०७६ | २८ फागुन २०७६ |
|---|---|---|
| नोभल कोरोना भाइरसको पहिचान | Public Health Emergency of International Concern (PHEIC) घोषणा | कोभिड-१९ लाई विश्वव्यापी महामारी (Pandemic) को रूपमा वर्गिकरण |

## COVID-19 का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

| केस | कुल जम्मा | नयाँ |
|---|---|---|
| जम्मा परिक्षण | ७५८ | ६५ |
| पोजेटिभ | ३ | ० |
| उपचार पछि सन्चो भएको | १ | ० |
| नेगेटिभ | ७५५ | ६५ |
| *(१३ चैत्र २०७६, ४:०० बजे) सम्म* | | |

**पहिलो केस:** ०९ माघमा परिक्षण गरेको; हाल निको भएको

**दोस्रो र तेस्रो** संक्रमित व्यक्तिहरूको टेकु अस्पतालको आइसोलेशन कक्षमा उपचार भैरहेको छ ।

## मुख्य प्रतिकार्यहरू:

- सर्वसाधारणको सुविधाका लागि कोरोना भाइरस रोग तथा सो को निदान एवम् उपचार सम्बन्धमा परामर्श प्रदान गर्न विहान ८:०० बजे देखि बेलुका ८:०० बजेसम्म हटलाईन सेवा (९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४) संचालनमा छ ।

साथै नेपाल टेलिकम र एन. सेल प्रयोगकर्ताहरूका लागि ३० फागुन २०७६ देखि बिहान ६ बजे देखि साँझ १० बजे सम्म नि:शुल्क “कोभिड-१९ कल सेन्टर” संचालित छ । यो सेवाका लागि **“१११५”** मा डायल गर्नुहोस् ।

**Designated अस्पतालहरूमा संकास्पद बिरामीहरुको अवस्था**

| अस्पताल | आइसोलेशनमा उपचारत बिरामीहरूको संख्या | उपचार पछि घर फर्केका | आइ.सि.यु |
|---|---|---|---|
| शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल* | ४ | १ | ० |
| पाटन अस्पताल | ४ | ० | ० |
| शसस्त्र प्रहरी बल अस्पताल | ० | ० | ० |
| कान्ति बाल अस्पताल | ९ | ० | ० |
| जम्मा | १७ | १ | ० |

**नोट:* शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल: ११ जना under obeservation*

*अध्यावधिक मिति: २०७६ चैत्र १३ गते; बेलुका ४:०० बजे सम्म*

**दैनिक रूपमा अस्पतालबाट EWARS reporting**

EWARS रेपोर्टिङ अस्पताल - ११८ sentinal sites

| मिति | ILI/ SARI Cases | कोभिड-१९ संकास्पद केस |
|---|---|---|
| २२ मार्च | ७४ | ६ |
| २३ मार्च | ३९ | ५ |
| २४ मार्च | ३४ | ८ |
| २५ मार्च | ४४ | १० |

*अध्यावधिक मिति: २०७६ चैत्र १३ गते; बेलुका ५:०० बजे सम्म*

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय द्वारा कोभिड-१९ सम्बन्धी प्रेसित अधिकारिक सूचना तथा जानकारीहरू Viber Group **“MoHP Nepal COVID-19”** मा पनि उपलब्ध छन् । सुरू भएको तीन दिनमा एक लाख भन्दा बढी व्यक्तिहरु यसमा आवद्ध भएका छन ।
- कोभिड-१९ को संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि प्रदेश स्तरमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास मन्त्रालय तथा स्थानीय तहहरुसंगको समन्वयमा पूर्व तयारीका विविध क्रियाकलापहरु संचालन भै रहेका छन् ।

  माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूको संयोजकत्वमा गठित नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको १३ औं बैठक (२०७६।१२।११) ले स्थानीय तहहरूले आ-आफ्नो क्षेत्रभित्रका वडाहरूमा तेस्रो मुलुक र भारतबाट आएका व्यक्तिहरूको स्वास्थ्य सम्बन्धी विवरण सहितको अभिलेख प्रत्येक दिन अध्यावधिक गर्ने । स्थानीय स्वास्थ्य संयोजकले कोभिड-१९ को लक्षण देखिएका व्यक्तिहरूको विवरण प्रत्यक दिन प्रमुख जिल्ला अधिकारीलाई उपलब्ध गराउने । यस्तो विवरण प्रमुख जिल्ला अधिकारीले राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्रमा र सो केन्द्रले स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्रमा प्रत्यक दिन साँझ ६ बजेभित्र पठाउने लगायतका निर्णयहरू भएका छन् । (अनुसूची १)



- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दैनिक रूपमा कोभिड-१९ को रोकथाम तथा प्रतिकार्य सम्बन्धमा सर्वसाधारण तथा सरोकारवालाहरूमा अधिकारिक सूचना तथा जानकारीहरू प्रवाह गर्नका लागि मिति २०७६ चैत्र १२ गते देखि Novel Coronavirus (COVID-19) Media Center संचालन गरिरहेको छ ।

- श्रीमान् सचिबज्यूले Media Center मार्फत आज क्वारेन्टाइन guideline तथा PPE Guideline बनाई कार्यान्वयनमा ल्याइएको र २५ वटा हब अस्पतालहरूलाई Fever Clinic संचालनका लागि आवश्यक सामग्री खरिद गर्न प्रति अस्पताल रू १० लाख उपलब्ध गराइएको जानकारी दिनुभयो ।

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

### Novel Coronavirus (COVID-19) Media Center

*भिडियो हेर्नका लागि तलका बक्समा थिच्नुहोस्*

| चैत्र १३/ मार्च २६ | चैत्र १२/ मार्च २५ | चैत्र ११/ मार्च २४ |
|---|---|---|
|  |  |  |
| श्रीमान् सचिबज्यू | माननीय मन्त्रीज्यू | प्रवक्ताज्यू |

- कोभिड-१९ रोग सम्बन्धी "Algorithm to suspect COVID-19 infection based on the WHO Surveillance Case Definition" अनुरूप सबै अस्पतालहरूले संकास्पद बिरामीहरुको उपचार व्यवस्थापन गर्न/गराउनुहुन अनुरोध छ । (अनुसूची २)

- कोभिड-१९ को प्रयोगशाला परिक्षण समबन्धी बारम्बार सोधिने प्रश्नहरू र जवाफको संगालो प्रकाशीत गरिएको छ । (अनुसूची ३)

- अन्तरराष्ट्रिय यात्रा सम्बन्धी अध्यावधिक सूचनाका लागि अनुसूची ४ मा हेर्नुहोस ।

- Protocol for COVID-19 Screening at Point of Entry तथा Protocol for ILI Clinics (COVID-19 Screening Fever Clinics) का लागि अनुसूची ५ हेर्नुहोस ।

- Guidelines for use of Personal Protective Equipment (PPE) in relation to COVID-19 का लागि अनुसूची ६ हेर्नुहोस ।

मिति २०७६ चैत्र १३ गते सम्ममा देश भरी कोभिड-१९ ८० स्वास्थ्य संस्थाहरूमा ६१३ आइसोलेशन बेडको व्यवस्था गरिएको छ भने अन्य स्वास्थ्य संस्थाहरूले पनि आइसोलेशन बेडको व्यवस्था गरिरहेको जानकारीमा आएको छ ।

| प्रदेश | अस्पताल संख्या | आइसोलेशन बेड |
|---|---|---|
| १ | १३ | ६७ |
| २ | ५ | ९८ |
| बागमती | ४३ | १७९ |
| गण्डकी | २१ | ११३ |
| ५ | १४ | ८९ |
| कर्णाली | १ | २० |
| सुदुरपस्चिम | १८ | ४७ |
| **जम्मा** | **८०** | **६१३** |

- सम्पूर्ण सरोकारवालाहरू, बिषय जानकारहरू, समस्त मिडियाकर्मीहरू लगायत सम्बद्ध सबैको आ-आफ्नो तर्फबाट भइरहेको सहयोगको निरन्तरताको लागि अनुरोध गर्दै यस संक्रमण रोकथामका लागि सचेत रही मन्त्रालयले सिफारिस गरेका उपायहरूको अवलम्बन गर्न सबैमा अनुरोध गरिन्छ ।

### COVID-19 सम्बन्धी श्रोत एवं सामाग्रीहरू:

- COVID-19 सम्बन्धी श्रोतहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ HEOC वा EDCD को वेब पोर्टल/ सामाजिक संजालमा उपलब्ध छ ।

**थप विवरणका लागि तल बक्सामा क्लिक गर्नुहोस:**

| COVID-19 IEC | Press Release MoHP | Technical Guidance |
|---|---|---|
| **HUB Hospitals** | **Audio Visual PSAs** | **Contacts** |


| स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्र | इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा |
|---|---|
| फोन: ०१-४२५०८४५,<br>फ्याक्स: ०१-४२५०८४२,<br>ईमेल: heocmohp@gmail.com,वेब: heoc.mohp.gov.np,<br>fb:fb.com/HEOC | फोन: ०१-४२५५७९६,<br>फ्याक्स: ०१-४१००२६६,<br>ईमेल: ewarsedcd@gmail.com,वेब: edcd.gov.np,<br>fb: fb.com/edcdnepal |


**"कुनैपनि अस्पतालहरूले कोभिड-१९ का संकास्पद बिरामीलाई अर्को स्वास्थ्य संस्थामा प्रेषण नगरी सो संस्थाकै आइसोलेशन बेडमा भर्ना गरी नीजको throat swab को नमुना संकलन गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु, काठमाडौंमा प्रोटोकल अनुसार सुरक्षित साथ पठाउने व्यवस्था गर्नुपर्ने छ ।"**

**अनुसूची १:** माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूको संयोजकत्वमा गठित नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको १३ औं बैठक

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तयार गरेको स्वास्थ्य सम्बन्धी प्रोटोकल अनुसार चीनतर्फका रसुवागढी र तातोपानी नाकाबाट मालसामान आयात निर्यात कार्य सुचारु गर्ने। यस सम्बन्धी आवश्यक समन्वय गृह मन्त्रालय र अर्थ मन्त्रालयले गर्ने।

२. अति आवश्यक बैंकिङ सेवा गृह मन्त्रालय र अर्थ मन्त्रालयको समन्वयमा सुचारु गर्ने। खुल्ला राख्नुपर्ने बैंक शाखाको सूची अर्थ मन्त्रालयले गृह मन्त्रालयलाई उपलब्ध गराउने।

३. औषधि, खाद्यवस्तु, पानी, दूध, फलफूल, तरकारी, पशुपन्छी र माछाको दाना, कुखुराका चल्ला ढुवानी गर्ने र फर्केर जाने सवारी साधनलाई सुचारु गर्ने। यस्ता सवारी साधनले यात्रु ओसारपसार गर्न नपाउने।

४. औषधि उत्पादन, ग्याँस बोटलिङजस्ता कार्यमा संलग्न हुने श्रमिकहरूलाई कार्यस्थलसम्म आउन जानका लागि सम्बन्धित उत्पादक संस्थाले सवारी साधनको व्यवस्था गर्ने। गृह मन्त्रालयले सो सवारी साधनका लागि आवश्यक अनुमति दिने।

५. ठूला खाद्य स्टोर तथा पसलहरूले आवश्यक खाद्यवस्तुहरू होम डेलिभरी गर्ने व्यवस्था मिलाउने। यसका लागि गृह मन्त्रालयले सीमित संख्याका सवारी साधनलाई अनुमति दिने।

६. स्थानीय तहले वडास्तरमा दूध, तरकारी, फलफूल लगायत अन्य खाद्यवस्तु बिक्री वितरण गर्ने पसलहरूमा भीडभाड नहुने, मास्क र स्यानिटाइजरको प्रयोग गर्ने र ग्राहकहरूबीच भौतिक दूरी कायम हुने गरी सञ्चालन गर्न सहजीकरण गर्ने।

७. अति आवश्यक परी खाद्यान्न ढुवानी गर्नुपरेमा गृह मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको समन्वयमा हवाई ढुवानी गर्ने व्यवस्था मिलाउने।

८. इन्डक्सन चुल्हो प्रयोग गर्न प्रोत्साहन दिन अर्थ मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले समन्वय गरी विद्युत महसूल र भन्सार महसूल छुट दिने व्यवस्था मिलाउने।

९. गृह मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको स्वीकृतिमा नेपालका विभिन्न स्थानहरूमा रहेका विदेशी नागरिकहरूलाई हवाई उद्धार गरी काठमाडौं ल्याई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आफ्नो देश फर्की जान सहजीकरण गर्ने। यसरी ल्याइएका विदेशीहरूलाई विमानस्थलबाटै आफ्नो देश फर्की जाने उडानको समय नमिलेको अवस्थामा सो अवधिभर विमानस्थल नजिकको होटेलमा निजहरूकै खर्चमा क्वारेन्टाइनमा राख्ने।

१०. स्थानीय तहहरूले आ-आफ्नो क्षेत्रभित्रका वडाहरूमा तेस्रो मुलुक र भारतबाट आएका व्यक्तिहरूको स्वास्थ्यसम्बन्धी विवरणसहितको अभिलेख प्रत्येक दिन अद्यावधिक गर्ने। स्थानीय स्वास्थ्य संयोजकले कोभिड-१९ को लक्षण देखिएका व्यक्तिहरूको विवरण प्रत्येक

२०७६।१२।१५

सचिव

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

मुख्य सचिव

दिन प्रमुख जिल्ला अधिकारीलाई उपलब्ध गराउने। यस्तो विवरण प्रमुख जिल्ला अधिकारीले राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रमा र सो केन्द्रले आपत्कालीन स्वास्थ्य कार्यसञ्चालन केन्द्रमा प्रत्येक दिन साँझ ६ बजेभित्र पठाउने।

११. प्रदेश र स्थानीय तहहरूले क्वारेन्टाइनको व्यवस्था गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने।

१२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा ४ अंकको टोल फ्री टलिफोन सेवा जडान गर्ने व्यवस्था मिलाउने।

१३. सबै स्थानीय तहहरूले आ-आफ्नो क्षेत्रमा अनिवार्य रूपमा Chlorine र Bleaching Powder लगायतका Disinfectant नियमित छर्ने व्यवस्था गर्ने।

१४. विदेशबाट सामान आयात गर्ने कन्टेनर र ट्रकलाई भन्सार बिन्दुमा Disinfect स्प्रे गर्ने व्यवस्था मिलाउने।

१५. औषधि र औषधिजन्य पदार्थ आयात गर्नका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले चार्टर हवाइ सेवाको व्यवस्था मिलाउने।


१६. गृह मन्त्रालयले समग्र परिस्थितिको समीक्षा गरी शान्ति सुव्यवस्था कायम गर्ने।

२०७६।१२।१२

सचिव

मुख्य सचिव

**अनुसूची २:** कोभिड-१९ रोग सम्बन्धी “Algorithm to suspect COVID-19 infection based on the WHO Surveillance Case Definition” परिमार्जन भएको algorithm



**अनुसूची ३:** राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले कोभिड-१९ को प्रयोगशाला परिक्षण समबन्धी बारम्बार सोधिने प्रश्नहरू र जवाफको संगालो प्रकासित गरेको छ ।

## Frequently Asked Questions about Novel Corona Virus (COVID-19) Test

1. Novel Corona virus को Test कुन ठाउँमा गरिन्छ ?

   → यो Test राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला (NPHL) टेकु, काठमाण्डौमा गरिन्छ ।

2. Suspected Corona Virus Test को लागि NPHL मा नमुना संकलन गर्ने व्यवस्था छ कि छैन ?

   → संकास्पद् बिरामीलाई isolation मा राख्नु पर्ने भएकोले नमूना सम्वन्धित Hospital ले संकलन गरेर यस प्रयोगशालामा पठाउनु पर्ने छ । बिरामी सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।

3. संकलन गरिएको नमुना कुन विधि अपनाई NPHL पठाउन सकिन्छ ?

   → VTM मा संकलन गरिएको नमुनालाई Triple Pack गरि Cold Chain Maintain (2-8˚ C) गरेर NPHL मा पठाउनु पर्नेछ ।

4. Novel Corona virus Test गर्नको लागि कति पैसा लाग्छ ?

   → हाललाई यो Test यस प्रयोगशालामा निशुल्क गरिन्छ ।

5. के यो Novel Corona virus Test सबैले गराउन पाउँछ ?

   → डाक्टरको परामर्श पछि मात्र यो Test गराउन सकिन्छ ।

6. Corona virus Test को लागि कुन कुन नमूना संकलन गरिन्छ ?

   → यस Test को लागि Throat Swab, Nasal Swab आदि नमूना संकलन गरिन्छ ।

7. Novel Corona virus Test को लागि नमूना संकलन कति बजे सम्म गरिन्छ ?

   → VTM मा संकलन गरिएको नमुनालाई Triple Pack गरि Cold Chain Maintain (2-8˚ C) गरेर ल्याएको खण्डमा २४ सै घण्टा यस प्रयोगशालामा संकलन गरिन्छ (कार्यालय समयमा नमूना संकलन गर्ने ठाउँमा र अन्य समयमा कार्यालय सहायकलाई बुझाउन सकिन्छ ) ।

8. Novel Corona virus Test को Report आउन कति समय लाग्छ र कुन ठाउँ बाट लिने ?

   → यो Test को Report आउन २४ देखि ४८ घण्टा सम्म लाग्छ । लिखित Report यस प्रयोगशालाबाट लिन सकिने छ । Report positive भएको खण्डमा सम्बन्धित hospital र डाक्टर लाई तुरुन्त जानकारी गराईनेछ ।

9. यो Test को लागि सम्पर्क व्यक्तिहरुको मोवाईल नं के के छ ?

| | |
|---|---|
| १. डा. श्रवन कुमार मिश्र | ९८५११६८२२० |
| २. डा. रन्जित शाह | ९८२७७०१४६५ |
| ३. श्री राजेश कुमार गुप्ता | ९८५१२३९९८८ |
| ४. दिनेश थापा मगर | ९८२३१६८५४० ( रात्री समयको लागि ) |
| ५. नरेश थापा मगर | ९८०३१५२१४९ ( रात्री समयको लागि ) |

**अनुसूची** ४: अध्यागमन विभागले अन्तरराष्ट्रिय यात्रा सम्बन्धी परिमार्जित सूचना

Government of Nepal
Ministry of Home Affairs
**DEPARTMENT OF IMMIGRATION**
Kalikasthan, Kathmandu

☎ +977-1-4438862

Government of Nepal
Ministry of Home Affairs
Department of Immigration
Kathmandu, Nepal

Very Urgent Notice Regarding Arrival Restriction in Nepal
(Dated 18th March, 2020, Wednesday 23:45 Hrs.)

*Government of Nepal (GoN) has been monitoring the present global pandemic, scale of severity and spread of Covid-19 around the world.*

*Guided by the WHO flash reports and recommendations and learning from the international practices, measures and force majeures to combat against COVID-19, the National High Level Coordination Committee, GoN has made the following decision directly related to Arrival Restriction in Nepal which shall come in to effect from **20th March, 2020 (Friday) midnight Nepali Standard Time (NST) to till 12th April, 2020 (Sunday) midnight (NST).***

**Decision on Arrival Restriction:** All the passengers coming through direct flights, having a transit at, and taking the first flight of their origin from Europe, West-Asia and all the Gulf-Countries, Turkey, Malaysia, South Korea and Japan are subjected to Arrival Restrictions in Nepal.

Note:


i. *This Notice will be circulated shortly to Nepali diplomatic missions abroad, foreign diplomatic missions in Nepal and International airlines companies bound to Nepal.*


ii. *Department of Immigration has launched a hotline Service (+977-1-4113045) at Immigration Office, Tribhuvan International Airport for immigration related information.*

iii. *Please visit our official website (www.nepalimmigration.gov.np) for any new updates on immigration control. For further enquiries, please contact to Department of Immigration at +977-1-4438862 from Sunday to Friday (10:00-17:00 Hrs NST).*

(Ramchandra Tiwari)
Director

अनुसूची ५: "Protocol for COVID-19 Screening at Point of Entry" for COVID-19 Case Management" and Protocol for ILI Clinics (COVID-19 Screening Fever Clinics)



## अनुसूची ६: Guidelines for use of Personal Protective Equipment (PPE) in relation to COVID-19

**Guidelines for use of personal protective equipment in relation to Covid-19:**

Developed by expert Team of NMC and Government of Nepal with reference from WHO

A. **For Aerosol Generating procedures**: Dental procedures, bronchoscopy, Upper GI Endoscopy, ENT procedures, Nebulization, Intubation of a patient, CPR, Non-invasive ventilation, endotracheal suctioning, when obtaining nasopharyngeal or oropharyngeal swab, etc. **in Covid-19 suspected or confirmed cases health personnel need to use the following protective equipment: Category I PPE:**
   a. N-95 mask
   b. Goggles or visor
   c. Gloves (loose gloves acceptable)
   d. Water resistant OR standard disposable gowns
   e. Cap: Regular disposable

B. **For Non aerosol generating covid-19 suspected or confirmed patients: Health personnel need to use the following protective equipment: Category II PPE:**
   a. Surgical mask (seal the top edge with tape)
   b. Goggles or visor
   c. Gloves (loose gloves acceptable)
   d. Water resistant or standard disposable gowns
   e. Cap: Regular disposable

C. **For Physicians examining the patients in the fever/screening clinics the following PPE is recommended: Category II PPE**
   a. Surgical mask, (seal the top edge with a tape)
   b. Goggles or visor
   c. Water resistant or standard disposable gowns
   d. Regular disposable Cap
   e. Gloves (loose gloves acceptable)

   Note: For staff involved in preliminary screening not involving direct contact, maintain spatial distance of at least 1meter, no PPE required; Use surgical mask if maintaining distance not always possible.

D. **For escorts or drivers, the following PPE is recommended: Category III PPE:**
   a. Surgical masks
   b. Gloves
   c. Gowns (if physical contact expected)
   Follow hand hygiene and keep minimum 3 to 6 feet distance from the patient

E. **For Laboratory staff: category II or III PPE; depending upon the chance of splash:**
   d. surgical mask
   e. Gown
   f. Loose Gloves
   g. Eye protection (if risk of splash)


F. **For all staff, including health care workers** involved in any activity that does not involve contact with COVID-19 patients and working in other areas of patient transit (e.g. wards, corridors). **No PPE required**.

For Everyone:

- *Maintain 3-6 feet distance while visiting patients, if no need to touch the patient.*
- *Mandatory hand-hygiene after each use of PPE and between patients.*
- *Mandatory surface cleaning of bed or furniture with 0.5% Chlorine disinfectant (Virex* or similar) between each patient in OPD or in an inpatient setting.*

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं




Join Viber Community now and get all the genuine news related to COVID-19 in Nepal.

Ministry of Health and Population (MoHP)/ HEOC have launched its official Viber Community to disseminate the latest news and information about the Novel Coronavirus (Covid-19).

To join, search for **'MoHP Nepal COVID-19'** on the messaging app or click on this link: https://vb.me/mohp_comms_np2020




नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई, (HEDMU/ HEOC)

## सूचना

**सर्वसाधारणको सुविधाका लागी COVID-19 रोग तथा सो को निदान एवं उपचार सम्बन्धी जानकारी चाहिएमा बिहान ८:०० बजे देखि बेलुकी ८:०० बजे सम्म तल उल्लेखित सम्पर्क नम्बरमा सम्पर्क गर्न सकिने व्यहोरा सर्बसाधारणका लागि अनुरोध छ |**


**९८५१२५५८३४,**

**९८५१२५५८३७,**

**९८५१२५५८३९**

<u>नोट</u>: साथै यस सम्बन्धी सम्पूर्ण अध्यावधिक विवरण HEOC (http://heoc.mohp.gov.np) को वेब पोर्टलमा उपलब्ध रहेको जानकारीका लागि अनुरोध छ |

वेब: heoc.mohp.gov.np ई-मेल: heocmohp@gmail.com फेसबुक: fb.com/HEOCMoHP
फोन: ०१४२५०८४५ फ्याक्स: ०१४२५०८४२



# कोरोना भाइरस रोग (कोभिड-१९)

हाल विश्वभरी फैलिरहेका नयाँ कोरोना भाइरसको संक्रमणबाट लागेको रोगलाई विश्व स्वास्थ्य संगठनले "कोभिड १९" को नाम दिएको छ र यसलाई विश्वव्यापी महामारीको रुपमा घोषणा गरिसकिएको छ ।

कोरोना भाइरस श्वाशप्रश्वाशको माध्यमबाट सर्ने रोग हो । यो संक्रमित व्यक्तिले खोक्दा वा हाछ्युँ गर्दा नाक वा मुखबाट निस्कने छिट्टाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ ।

## कोरोना भाइरस रोगको मुख्य लक्षणहरू



ज्वरो आउने



खोकि लाग्ने



श्वाश फेर्न गाह्रो हुने

## यस्ता लक्षणहरू देखा परेमा नजिकको तोकिएको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने ।

## यस रोगको संक्रमणको जोखिमबाट बच्नको लागि निम्न उपायहरू अपनाउनुपर्छ ।



ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरू व्यक्तिबाट टाढा रहने र मास्कको प्रयोग गर्ने



खोक्दा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन पानीले मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने



भिडभाडमा नजाने र अरूलाई पनि नजान सुझाव दिने, हात मिलाउनुको सट्टा नमस्कार गर्ने



बेलाबेलामा साबुन पानीले मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने




कोरोना प्रभावित देशबाट आएको व्यक्तिहरूमा माथिका लक्षणहरु देखिए स्वास्थ्य केन्द्रमा तुरून्त जानुपर्दछ । घरैमा बस्दा परिवारका सदस्यहरूबाट १४ दिन सम्म छुट्टै आईसोलेसनमा बस्नु पर्दछ ।

कोरोना भाइरस रोगका वारेमा थप जानकारीको लागि **१११५** वा **९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४** मा सम्पर्क गरौं ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र